# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा

मधेश प्रदेश, नेपाल

शिक्षा, युवा तथा खेलकुद शाखा

सूचना नं. ०५(शिक्षा शाखा) मिति : २०८२/०९/०१

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धि सूचना ।

श्री जो जो जससँग सम्बन्धित छ।

प्रस्तुत विषयमा धनुषा जिल्ला मिथिला नगरपालिका अन्तर्गत श्री राष्ट्रिय आधारभूत विद्यालय, मिथिला -२ धनुषामा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाई दिन भनि विद्यालयको च.नं. ६६ मिति २०८२/०८/२३ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा कार्यरत विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना shreerastriyabasic@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रिक्त नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाहि हुने छैन।

बोधार्थः

१. श्री शिक्षा विकास तथा समन्वय इकाई, जनकपुरधाम, धनुषा ।

२. श्री राष्ट्रिय आधारभूत विद्यालय, मिथिला -२ ।

३. श्री सुचना प्रविधि शाखा, मिथिला नगरपालिका, website मा सूचना राखिदिनु हुन ।

.............................

हरि शंकर यादव

प्रमुख प्रशासकीय अधिकृत